# सुवर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कवहीगोठ,बारा
### मधेश प्रदेश,नेपाल

**माछा पोखरी शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशन मिति:-२०८१/०६/०८**

यस सुवर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कवहीगोठ,बाराको मिति २०८१/०४/३१ गतेको निर्णय अनुसार सुवर्ण गाउँपालिकाको क्षेत्र अधिकार भित्र रहेका तपसिल अनुसारको माछा पोखरीहरुको ठेक्का आ.ब. २०८१/८२ देखि ५(पाँच) वर्षको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सरोकावालाहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र इच्छुक नेपाली नागरिक (ब्यक्ति वा फर्म) ले देहायको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउ पेश गर्न यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का लगाउने पोखरी | ठेगाना | पोखरीको क्षेत्रफल | निर्धारित न्युन्तम दर | ठेक्का अवधी |
|---|---|---|---|---|---|
| १ | इटाही माछा पोखरी | सुवर्ण-०२ | ७-८-१५ | ४२,५१,०००/- | ५ वर्ष |
| २ | कवही बजार माछा पोखरी | सुवर्ण-०२ | १-१९-० | ७,५१,०००/- | ५ वर्ष |
| ३ | बोर्डर छेउ माछा पोखरी | सुवर्ण-०७ सन्फुलवा | ३-१५-१५ | २७,५१,००० | ५ वर्ष |
| ४ | हर्दिया प्रशुरामपुर संयुक्त माछा पोखरी | सुवर्ण-०४ | ४-६-० | २१,५१,०००/- | ५ वर्ष |

**ठेक्काका शर्तहरु**

१. दर भाउ खरिद गर्ने इच्छुक ब्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन साथ नविकरण भएको इजाजत पत्र,प्यान/भ्याट रजिस्ट्रेशन प्रमाण-पत्र,कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न गरि यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालयको समय भित्र शिलबन्दी दरभाउ पत्रको दस्तुर रु १,०००/-(एक हजार मात्र)(पछि फिर्ता नहुने गरि) यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर 05507907200017 मा जम्मा गरेको सकल भौचर सहित निवेदन पेश गरे पछि नियमानुसार दरभाउ पत्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. खरिद भएको फाराममा सबै विवरण प्रष्ट सँग भरेको प्रस्ताव तथा विड डकुमेन्ट खरिद गरेको रसिद संलग्न राखि शिलबन्दी खाममा लाहछाप लगाई सुवर्ण गाउँपालिकाको कार्यालय कवहिगोठमा पेश गर्नुपर्ने छ।

३. सकार गर्ने कबोल अंक शिलबन्दी गरि मिति २०८१/ ०६/ २३ गते दिनको १२:०० बजे यस गाउँपालिकामा पेश गरि सक्नु पर्नेछ। पेश हुन आएको शिलबन्दी खाम सोहि दिनको २:०० बजे सुवर्ण गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

४. शिलबन्दी खोलिने समयमा ठेक्काका लागि आवेदन दिएका व्यक्ति वा फर्महरु प्रत्यक्ष वा आफ्ना प्रतिनिधी मार्फत सहभगी हुनु पर्नेछ।आवेदन दिएका कुनै ब्यक्ति वा फर्म सहभागी नभएमा ठेक्का प्रकृया अघि बढाउन कार्यालयलाई कुनै बाधा पर्ने छैन।खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट हुनेछ।

५. ठेक्का सकार गर्ने ब्यक्ति वा फर्मले आफुले सकार गर्ने अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी/जमानत यस गाउँपालिकाको नाउँमा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको धरौटी खाता नम्बर 05507907200014 मा जम्मा गराई सकल बैंक भौचर सहित शिलबन्दी गरि बुझाउनु पर्नेछ।बिदेशी नागरिक वा फर्मको हकमा कुल सकार अंकको १० प्रतिशतले हुन आउने रकम धरौटी/जमानत स्वरुप राख्नु पर्ने छ।

CamScanner

६. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गरेमा ५ प्रतिशत रकम छुट दिइनेछ तर किस्तामा बुझाएमा यो सुविधा प्राप्त हुने छैन । शिलबन्दी कावोल गरेको रकम ५ (पाँच) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता बराबरको रकम चलन पुर्जी लिनु पुर्व अग्रिम रुपमा बुझाउनु पर्नेछ र बाँकी ४(चार) किस्ता बराबरको ठेक्काको अन्तिम अवधीसम्म म्याद रहेको नेपाल सरकार बाट मान्यता प्राप्त बैंकको बैंक ग्यारान्टी पेश गर्नु पर्नेछ । धरौटी वापतको रकम अन्तिम किस्ता बुझाई सकेपछि मात्र फिर्ता गरिनेछ।

७. तोकिएको समयमा किस्ता नबुझाएमा वा गाउँपालिकाको शर्तहरुको पालना गरेको नपाइएमा धरौटी जफत गरि ठेक्का रद्ध गर्न कार्यालय बाध्य हुनेछ।

८. तोकिएको समय भित्र स्वीकृत हुने शिलबन्दी ठेक्काको ठेकेदारले समझौता गर्न नआएमा धरौटी रकम जफत गरि क्रमशः दोस्रो,तेस्रो बढी अंक कबोल गर्ने ठेकेदारलाई समझौताको लागि सुचित गरिने छ।

९. गाउँपालिकालाई पेश्की रकम,जिन्सी बुझाउन बाँकी वा बेरुजु तिर्न बाँकी रहेका ब्यक्ति वा फर्मले ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैन । यदि कुनै कारण बस त्यस्तो ब्यक्ति वा फर्मको ठेक्का स्वीकृत भएमा पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरि धरौटी रकम समेत जफत गरिने छ।

१०.माथी उल्लेखित पोखरीहरु जुन अवस्थामा रहेका छन सोही अवस्थामा शिलबन्दी ठेक्का कबोल गर्नुपर्ने छ । बाढी बर्षा वा कुनै प्राकृतीक प्रकोपले माछा वा पोखरीमा कुनै किसिमको हानी नोक्साजी भएमा वा डिल भत्केमा वा बगाएमा ठेकेदारले स्वयम मर्मत गरि माछा पालन गर्नुपर्ने छ । सो कामको लागि लाग्ने मर्मत खर्च गाउँपालिकाले व्यहोर्ने छैन । ठेक्का सकार गर्ने ब्यक्ति वा फर्मले ठेक्का अवधी भरीका लागि कृषि बीमा गराउनु पर्ने छ ।

११.ठेकेदार र गाउँपालिका बीच विवाद उत्पन्न भएमा सुवर्ण गाउँपालिकाले गर्ने निर्णय दुबै पक्षलाई मान्य हुनेछ।

१२.पोखरीको माछा झिक्दा बिषादीको प्रयोग,करेन्ट लगाउने वा बिष्फोट गर्न पाउने छैन । पोखरीमा नुहाउन,पानी लिन वा प्रचलित समाजिक संस्कार मनाउन मनाही गर्न पाउने छैन।

१३.यस शिलबन्दी दरभाउ पत्र सम्वन्धि कुनै निर्णय लिने अन्तिम अधिकार कार्यालयमा निहित रहने छ।

१४. थप जानकारीका लागि यस सुवर्ण गाउँपालिकाको कार्यालय कवहीगोठ,बारामा सम्पर्क गर्न सकिने छ।

सुजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत